# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८ संख्याः ४, मितिः २०८१ साल भाद्र ३० गते**

**भाग -२**

## कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/२४**

प्रस्तावनाः

अन्नपूर्ण गाउँपालिकामा छरिएर रहेका अधिकांश साना कृषकहरुको उत्पादनलाई एकिकृत गरि सहज रुपमा बजारको पहुँच पुर्याउन र यसमा संलग्न कृषक, व्यापारी, उपभोक्ता सबैका लागि स्वस्थ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएको हुदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ञ (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१ जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "**कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१**" रहेको छ ।

ख) यो कार्यविधी कार्यापलिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः

क) " गाउँपालिका " भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले "**कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१"** सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

घ) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च) "शाखा" भन्नाले अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ ।

छ) "समिति" भन्नाले यस कार्यविधी बमोजिम गठित "**कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समिति**" सम्झनु पर्छ ।

ज) "कृषि उपज संकलन वा विक्री केन्द्र" वा "संकलन वा विक्री केन्द्र" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरिद गरि वा संकलन मात्र गरि उपभोक्तालाई सोझै वा अन्य व्यापारीहरुलाई बेचबिखन गर्ने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्छ ।

झ) "कृषि उपज" भन्नाले कृषि तथा पशु पालन क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा, मासु, अण्डा जस्ता ताजा तथा नाशवान वस्तु, जीवित पशुपन्छी लगायत समितिले तोकेको अन्य खाद्य वस्तुहरु र कृषि तथा पशुपन्छी उत्पादन सामाग्री समेत सम्झनु पर्छ ।

ञ) "समिति अध्यक्ष" भन्नाले कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ट) "समिति सदस्य" भन्नाले कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समिति अध्यक्षलाई समेत जनाउने छ।

ठ) "सम्झौता" भन्नाले स्थानीय तहका जनप्रतिनिधी तथा कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको अध्यक्ष वा कृषक, कृषि फर्म, कृषक समुह वा सहकारी बिच गरिएको सम्झौता पत्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## समिति गठन, काम कर्तव्य र अधिकार

**३. कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको गठन एवम् पदावधीः**

३.१ कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समिति ११ सदस्यीय समिति हुनेछ जसमा १ जना अध्यक्ष, १ जना कोषाध्यक्ष, १ जना सचिव र ८ जना सदस्यहरु रहनेछन ।

३.२ गाउँपालिकाद्वारा स्थापित कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन गर्न गाउँपालिकाको अध्यक्ष संरक्षक रहने गरि देहाय बमोजिमको "कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समिति" गठन हुनेछ ।

| | | |
|---|---|---|
| कृषि उपज संकलन तथा विक्री केन्द्र सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी | १ जना | अध्यक्ष |
| कृषि उपज संकलन तथा विक्री केन्द्र सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी | १ जना | कोषाध्यक्ष |
| कृषि उपज संकलन तथा विक्री केन्द्र सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी | १ जना | सचिव |
| कृषि उपज संकलन तथा विक्री केन्द्र सेवा पुग्ने क्षेत्रका कृषक तथा व्हरु मध्येबाट २ जना महिला सहित ४ जना | ४ जना | सदस्य |
| कृषि उपज संकलन तथा विक्री केन्द्र सेवा पुग्ने क्षेत्रका व्यापारीहरु मध्येबाट १ जना महिला सहित ३ जना | ३ जना | सदस्य |
| सम्बन्धित वडाको वडा समितिबाट | १ जना | सदस्य |

३.३ गाउँपालिकाद्वारा स्थापना भएको कृषि उपज संकलन केन्द्र सञ्चालनका लागि न्युनतम मुल्य तोकी आय टेक्काको सार्वजनिक सूचना प्रकाशन गरि कुनै कृषक समुह तथा कृषि सहकारी संस्थाद्वारा सञ्चालन गर्न सक्नेछ वा दफा (३) को उपदफा (२) बमोजिम गठित समिति मार्फत सञ्चालन गर्न सक्नेछ ।

३.४ दफा (३) को उपदफा (२) बमोजिम गठित समितिको अध्यक्ष, कृषक प्रतिनिधी र व्यवसायी प्रतिनिधीको चयन सर्वसम्मत वा लोकतान्त्रिक प्रणालीबाट गरिनेछ ।

३.५ सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ र निजहरु पुनः एक पटकको निर्वाचित हुन सक्ने छन् ।

३.६ समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, संघ संस्थाको प्रतिनिधी, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**४ सदस्यहरुको योग्यताः**

कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेका व्यक्ति हुनु पर्नेछ ।

४.१ नेपालको नागरिक

४.२ बजार स्थलको कार्य क्षेत्र भित्र बसोबास गरेको

४.३ कृषि तथा पशुपालन र बजारीकरणको क्षेत्रमा कार्य गरेको

४.४ नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको

४.५ मानसिक सन्तुलन नगुमाएको

४.६ अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको ५ बर्ष पुरा भएको

४.७ सार्वजनिक कोष वा सम्पति अपचलन गरेको प्रमाणित नभएको

**५. समितिको काम, कर्तव्य र अधिकारः**

कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि उपज संकलन तथा विक्रि केन्द्रलाई व्यवस्थित साथै प्रतिस्पर्धात्मक रुपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

माथि उल्लेखित कर्तव्य पालनाको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

५.१ कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापनको सम्बन्धमा यस कार्यविधि प्रतिकुल नहुने गरि नीति निर्माण गर्ने र सोको कार्यान्वयन गर्न सक्नेछ ।

५.२ नियमित रुपमा कृषि उपज संकलन तथा विक्री केन्द्रको सम्बन्धमा आवश्यक सूचनाहरु सर्वसाधरणका लागि सम्प्रेषण गर्ने ।

५.३ गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र लगायत संघ तथा प्रदेश तहका सम्बन्धित मन्त्रालय, सहयोगी संस्थासँगको सहयोग, समन्वय तथा सहकार्यमा कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन तथा स्तरोन्नतीका योजनाहरु तर्जुमा गरि संचालन गर्ने ।

५.४ कृषि उत्पादक, व्यापारी, संघ-संस्था, निकाय वा व्यक्ति विशेषका निम्ति बजार कृषि उपज खरिद विक्री सुविधा उपलब्ध गराउने।

५.५ कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

**६ समितिको बैठक र निर्णयः**

६.१ समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज संकलन तथा विक्री केन्द्रमा बस्ने छ। समितिको बैठक महिनाको कम्तिमा १ पटक बस्नु पर्नेछ ।

६.२ समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु र उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।

६.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठक अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

६.४ समितिको बैठकका निर्णायहरु अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिने छ ।

**७. उप-समिति गठन गर्न सकिने**

समितिले आफ्नो कार्य सन्चालनमा सघाउ पुर्याउनका लागि उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**८ समितिको कोष**

८.१ समितिको कोषमा देहाय बमोजिमको रकमहरु रहनेछ र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः

८.१.१ सेवा शुल्कबाट प्राप्त रकम

८.१.२ विभिन्न व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम

८.१.३ अन्य आयस्रोतबाट प्राप्त रकम

८.२ समितिलाई प्राप्त हुने सबै प्रकारका रकम नेपाल भर कुनै पनि बैंकमा खाता खोलि रकम जम्मा गर्नु पर्नेछ ।

८.३ विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्था वा अन्य कुनै संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा पूर्व स्वीकृति लिनु परेमा तीन तहका सरकारको नीति, ऐन, कानुन अनुसार पूर्व स्वीकृति लिनु पर्नेछ साथै रकम जुन कार्यक्रम वा कार्यका लागि प्राप्त भएको हो सो रकम सोही कार्यका लागि खर्च गर्नु पर्नेछ ।

८.४ समितिको कोष सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

**९ कोषमा भएको रकम खर्च गर्ने व्यवस्था**

**९.१** कोषमा जम्मा भएको सेवा शुल्कबाट प्राप्त रकम मध्येबाट अधिकांश रकम कृषि उपज संकलन तथा विक्री केन्द्र स्थल नियमित रुपमा संचालन गर्न (कर्मचारी तलब, विजुली, पानी, टेलिफोन चियापान तथा अन्य भैपरी खर्च आदि) तथा संकलन तथा विक्री केन्द्र स्थल निर्माण, सुधार, मर्मत सम्भार कार्यका लागि समितिले खर्च गर्न सक्ने छ ।

१० **लेखा र लेखा परीक्षण**

१०.१ समितिको आय व्ययको लेखा संचालक समितिले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

१०.२ समितिको लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट गर्नु पर्नेछ ।

१०.३ संघीय, प्रदेश सरकार वा गाउँपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाँउन सक्नेछ ।

**११ कृषि उपज संकलन तथा विक्री केन्द्र व्यावस्थापकको नियुक्तिः**

११.१ दैनिक प्रशासकीय एवम् बजार सञ्चालन, सूचना र तोकिएको अन्य काम गर्न समितिले एक कृषि उपज संकलन तथा विक्री केन्द्र व्यावस्थापक नियुक्ति गर्न सक्नेछ ।

११.२ कृषि उपज संकलन तथा विक्री केन्द्र व्यावस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ ।

**१२ कृषि उपज संकलन तथा विक्री केन्द्र व्यावस्थापकको काम, कर्तव्य र अधिकारः**

कृषि उपज संकलन तथा विक्री केन्द्र व्यावस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१२.१ कृषि उपजको खरिद तथा विक्री वापत प्राप्त रकमको दैनिक लेखा राख्नु पर्नेछ ।

१२.२ समितिको निर्णय कार्यान्वयन गर्ने गराउने

१२.३ कृषि उपज संकलन तथा विक्री केन्द्र व्यवस्थापनका लागि आवश्यक योजना तर्जुमा गरि समिति समक्ष पेश गर्ने ।

१२.४ समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

१३ **समितिको कार्यालयः**

समितिको कार्यालय सम्भव भएसम्म कृषि उपज संकलन तथा विक्री स्थलको क्षेत्रभित्र रहने छ ।

**१४ कारोबार गर्ने कृषि बस्तुमा थपघटः**

तोकिएको संकलन तथा विक्री केन्द्रभित्र कारोबार गरिने कृषि बस्तुको कारोबार थपघट गर्नु परेमा स्थानीय तहको सिफारीसमा समितिले थपघट गर्नेछ ।

**१५. प्रतिवेदन पेश गर्नु पर्नेः**

समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आफेले गरेको काम, संकलन तथा विकी केन्द्रमा क्रयविक्रय भएका बस्तुको विद्यमान मूल्य, खरिद विक्री परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्नका लागि भएका प्रयास समेत उल्लेख गरी बार्षिक प्रतिवेदन कृषि शाखामा पेश गर्नु पर्नेछ ।

**१६. संकलन केन्द्र तथा विक्री केन्द्र स्थलको स्वामित्वः**

१६.१ यो समिति गठन पश्चातको संकलन केन्द्र तथा विक्री केन्द्र स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व स्थानीय सरकारमा रहने छ। समितिले संकलन केन्द्र तथा विक्री केन्द्रको स्वामित्व

हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढिको दायित्व लिने गरि कसैसँग कुनै सम्झौता गर्ने वा अन्य व्यावहार गर्ने छैन ।

**१७. सम्झौता पत्रको व्यवस्था र मान्यताः**

कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालनका लागि समिति र स्थानीय सरकारको सम्बन्धित निकाय बिचमा सम्झौता अनुसुची १ अनुसार हुनेछ । उक्त सम्झौता पत्रमा सम्बन्धित पक्षको अधिकार र कर्तव्य उल्लेख हुनेछ ।

## परिच्छेद-३

## कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन प्रक्रिया

**१८. कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न सक्नेः**

यस कार्यविधि बमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनैपनि निजि क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समुह वा कृषि सहकारीले गाउँपालिका क्षेत्रभित्र कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न सक्नेछ । तर नीजि क्षेत्रले सञ्चालन गर्न कृषि उपज संकलन तथा विक्री केन्द्रको हकमा एक निजि संस्थाले गाउँपालिका क्षेत्रभित्र एक भन्दा बढी कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न पाउने छैन ।

**१९. ईजाजत पत्र दर्ता तथा नविकरणः**

१९.१ कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न ईच्छुक संस्थाले गाउँपालिका क्षेत्रभित्र कृषि उपज संकलन तथा विक्री केन्द्र गाउँपालिकाबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ ।

१९.२ स्वीकृतिको लागि सञ्चालकले अनुसूची ६ बमोजिम कागजात सहित गाउँपालिकाको सम्बन्धित वडामार्फत गाउँपालिकामा निवेदन र सञ्चालन प्रस्ताव पेश गर्नुपर्नेछ ।

१९.३ प्रस्तावकले परिच्छद ४ बमोजिम मापदण्ड तथा शर्तहरु पूरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन स्वीकृति दिन सक्नेछ ।

१९.४ प्रत्येक वर्ष कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन समितिले ईजाजत पत्र नविकरण गर्नुपर्नेछ । नविकरण गर्दा समितिले अनुसूची ७ बमोजिमको ढाँचामा आवश्यक कागजातसहितको निवेदन शाखामा पेश गरी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम शुल्क तथा कर बुझाउनु पर्नेछ ।

## परिच्छेद-४

## कृषि उपज संकलन तथा विक्री केन्द्र निर्माण मापदण्ड

### २०. सञ्चालन स्थान र जग्गा

**२०.१** कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न ईच्छुक संस्थाले न्युनतम २ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेछ । तर तर गाउँपालिका तथा अन्य सरकारी तथा गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्नका लागि ४ रोपनी जग्गा उपलब्ध गराउनु पर्नेछ । कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्ने जग्गाको धनीपुर्जाको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ ।

२०.२ एक कृषि उपज संकलन तथा विक्री केन्द्र देखि अर्को कृषि उपज संकलन तथा विक्री केन्द्रको दुरी कम्तिमा १ कि.मि. हुनु पर्नेछ ।

२०.३ कृषि उपज संकलन तथा विक्री केन्द्र राजमार्गबाट कम्तिमा २०० मि. र मुख्य सडक ( हुलाकी मार्ग, रिङ्गरोड र लिङ्क रोड) भन्दा कम्तिमा १०० मि. दुरीमा अवस्थित हुनुपर्नेछ ।

### २१. भौतिक संरचनाः

२१.१ कृषि उपज संकलन तथा विक्री केन्द्र तोकिएको  मापदण्डको अधिनमा रही निर्माण गर्नु पर्नेछ । कृषि उपज संकलन तथा विक्री केन्द्र परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाईने छैन ।

२१.२ कृषि उपज संकलन तथा विक्री केन्द्र क्षेत्रभित्र खानेपानी, विद्युत तथा विजुली बत्तीको प्रबन्ध मिलाउनु पर्नेछ ।

२१.३ कृषि उपज संकलन तथा विक्री केन्द्रमा संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा प्रकोप प्रतिरोधी संरचना निर्माण गर्नु पर्ने साथै पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद-५

## कर तथा शूल्क सम्बन्धी व्यवस्था

**२२. ईजाजत पत्र दर्ता तथा नविकरण शुल्कः**

कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन ईजाजत पत्र दर्ता शुल्क रु १०००/- तथा नविकरण शुल्क रु ५००/- मात्र लाग्नेछ । प्रत्येक वर्ष ईजाजत पत्र नविकरण गर्नुपर्नेछ । म्याद समाप्त भएको १ वर्ष पछि प्रति बर्ष दर्ता शुल्कको २० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

## परिच्छेद-६

## विविध

**२३. कृषि उपज संकलन तथा विक्री केन्द्र अनुगमन**

२३.१ गाउँपालिकामा कृषि उपज संकलन तथा विक्री केन्द्र अनुगमन तथा नियमन गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक विकास समिति संयोजक, सम्बन्धित वडा कार्यालयको वडाध्यक्ष, राजश्व शाखा प्रमुख र कृषि तथा पशु शाखा प्रमुखको समितिले गर्न सक्नेछ ।

**२४. कार्यविधि संशोधनः**

गाउँपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवम् परिमार्जन गर्न सक्नेछ ।

२५. यस कार्यविधिमा उल्लेख नगरेका विषयबस्तु गाउँपालिकाको प्रचलित कानुन तथा अभ्यास बमोजिम हुने छ ।

## अनुसूची १

## सम्झौता पत्र

कृषि उपज संकलन तथा विक्री केन्द्र ..... को सञ्चालन तथा व्यवस्थापनका लागि श्री...................................... र अन्नपुर्ण गाउँपालिका, कास्की बिच तपसिल बमोजिमका शर्तको अधिनमा रही कार्य गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरिलियौं/गरिदियौं।

**प्रस्तावनाः**

खुल्ला तथा बजारमुखी अर्थतन्त्र र मुलुकमा कृषि पेशाको संलग्नताबाट हुने आय बढाउन तथा व्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ती व्यवस्था मिलाउन केही बर्ष यता देखि मुलुकका विभिन्न महत्पूर्ण क्षेत्रमा तरकारी, फलफूल, तेलहन दलहन, मसलाबाली, माछामासु जस्ता बस्तुको संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन विभिन्न प्रयासहरु भएका छन । यस्ता संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्य स्थानीय निकाय र जनताको सहभागिताबाट मात्र खुल्ला तथा बजारमुखी अर्थतन्त्र विकास हुन सम्भव हुन्छ ।यस प्रकृयामा स्थानीय तहको महत्वपूर्ण भुमिका रहन्छ । यसलाई मद्दत पुर्याउन अन्नपूर्ण गाउँपालिका तथा यसैसाथ संलग्न **कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१** बमोजिम गठित श्री...................................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समिति बीच यो सम्झौता गरिएको छ ।उल्लेखित तपसिल बमोजिमका शर्तको अधिनमा रही कार्य गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरिलियौं/गरिदियौं।

**<u>तपसिलः</u>**

**१** "कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१" अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ ।

२ समितिको गठन तथा कार्यान्वयनः

कार्याविधि बमोजिम मिति................ गते गठित तपसिल अनुसारको श्री............................................ कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिको सदस्यहरु रहेको मानिने छ ।

**सञ्चालक समितिको अध्यक्ष र सदस्यहरुको नामावली**

| क्र.स. | नाम/थर | पद | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

३. भौतिक संरचनाः समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृति गाउँपालिकाबाट लिनु पर्नेछ ।

४. समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरणः समितिको तोकिएको अवधि समाप्त भईसकेपछि कार्यविधि बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ ।

५. सम्झौता भङ्ग गरी उपयोग गर्ने गाउँपालिकाको विशेष अधिकारः यो सम्झौता अन्यत्र जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरित कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पतिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि उपज संकलन तथा विक्री केन्द्रको व्यवस्था र सञ्चालनको छुटै निर्णय गरेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पति आफ्नो कब्जामा लिई छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्नेछ साथै हानी नोक्सानी वापतको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. समितिले प्रयोग गर्ने लोगो तथा छाँपको नमूना अनुसूची २ मा , समितिले प्रयोग गर्ने प्याडको नमूना अनुसूची ३ मा, समितिले प्रयोग गर्ने साईनबोर्डको नमूना अनुसूची ४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पति/सामाग्रीहरुको विवरण अनुसूची ५ बमोजिम हुनेछ ।

७. हस्ताक्षरकर्ताः

| | |
|---|---|
| हस्ताक्षरः........................ | हस्ताक्षरः........................ |
| नाम/थरः........................ | नाम/थरः........................ |
| पदः.................. | पदः............... |
| (समिति अध्यक्ष) | (गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत) |

<u>रोहबर</u>

| | |
|---|---|
| हस्ताक्षरः........................ | हस्ताक्षरः........................ |
| नाम/थरः........................ | नाम/थरः........................ |
| पदः.................. | पदः............... |
| (समिति व्यवस्थापक) | (गाउँपालिकाको तर्फबाट) |

सम्झौता सम्पन्न भएको मिति २०८१/०/०  । रोज............... शुभम्.........।

# अनुसूची-२

समितिले प्रयोग गर्ने लोगो तथा छाँपको नमूना

LOGO

# <u>अनुसूची-३</u>

समितिले प्रयोग गर्ने लेटरप्याडको नमूना

कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समिति

................................ अन्नपूर्ण गाउँपालिका, कास्की

(अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कास्कीबाट स्वीकृत)

| | |
|---|---|
| लोगो | फोन नं |
| | फ्याक्स नं. |
| प.सं. | ईमेलः |
| च.नं | मितिः |

## अनुसूची-४

समितिले प्रयोग गर्ने साईनबोर्डको नमूना

कृषि उपज संकलन तथा विक्री केन्द्र

श्री...................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन

एवम् व्यवस्थापन समितिद्वारा सञ्चालित

(अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कास्कीबाट स्वीकृत)

## अनुसूची — ५

भौतिक सम्पति/ सामाग्री

श्री...................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन

एवम् व्यवस्थापन समितिले प्रयोग गर्ने भौतिक सम्पति/ सामाग्रीहरुको विवरण

| क्र.स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची — ६

## ईजाजतपत्र दर्ताका प्रमाण पत्रका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
माछ्वापोखरी, कास्की ।

विषयः कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन ईजाजत पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा अन्नपूर्ण गाउँपालिका वडा नं ..... मा श्री...................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिद्वारा कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्नका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी ईजाजत पत्र उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु/ गर्दछौ ।

संलग्न कागजातहरुः

१.सञ्चालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु

क. नागरिकताको प्रमाणपत्र प्रतिलिपी

ख. संस्था दर्ताको प्रमाणपत्र प्रतिलिपी

ग. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि

घ. संस्थाको निर्णय प्रतिलिपि

ङ. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि

च. कर चुक्ता वा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

२. जग्गाको धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएमा करार सम्झौता प्रतिलिपि

३. वडा कार्यालयको सिफारिस पत्र

४. पूर्वाधार स्वीकृति डिजाईन

निवेदक नाम/थरः
पदः
ठेगानाः
सम्पर्क नं
हस्ताक्षर
संस्थाको छाँपः

## अनुसूची — ७

## ईजाजत पत्र नविकरणका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
माछापोखरी, कास्की ।

विषयः ईजाजत पत्र नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा अन्नपूर्ण गाउँपालिका वडा नं ..... मा श्री...................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिद्वारा कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्नका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी ईजाजत पत्र नविकरण गराईदिनुहुन अनुरोध गर्दछु/ गर्दछौ ।

संलग्न कागजातहरुः

१.सञ्चालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु

क. नागरिकताको प्रमाणपत्र प्रतिलिपी

ख. संस्था दर्ताको प्रमाणपत्र प्रतिलिपी

ग. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि

घ. संस्थाको निर्णय प्रतिलिपि

ङ. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि

च. कर चुक्ता वा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

२. जग्गाको धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएमा करार सम्झौता प्रतिलिपि

३. वडा कार्यालयको सिफारिस पत्र

५. पूर्वाधार स्वीकृति डिजाईन

निवेदक नाम/थरः
पदः
ठेगानाः
सम्पर्क नं
हस्ताक्षर
संस्थाको छाँपः

## अनुसूची — ८

## कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन ईजाजत प्रमाणपत्रको ढाँचा (अगाडी)

**अन्नपूर्ण गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**कास्की**

**दर्ता नः**
**जारी मितिः**
**श्री....................................**
**..........................................**

| सञ्चालक समितिको छाँपः |
|---|

**विषयः कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन ईजाजत प्रमाणपत्र**

तपाई श्री....................................... कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन समितिद्वारा अन्नपूर्ण गाउँपालिका वडा नं ........ मा सञ्चालन हुने कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन गर्न ईजाजत पत्र दर्ता/नविकरण का लागि मिति.....................मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार यस गाउँपालिकाको “**कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ ”** बमोजिम यस कार्यालयमा अभिलेख राखी यो ईजाजत पत्र प्रदान गरिएको छ ।आफ्नो कारोबारको मासिक प्रगति प्रतिवेदन यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक बर्ष अनिवार्य नविकरण गराउनु हुन समेत अनुरोध गरिन्छ ।

| | |
|---|---|
| ........................... | .............................................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| अन्नपूर्ण गाउँपालिका, कास्की | अन्नपूर्ण गाउँपालिका, कास्की |

## अनुसूची — ९

## कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन ईजाजत प्रमाणपत्रको ढाँचा (पछाडी)

**अन्नपूर्ण गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कास्की**

कृषि उपज संकलन तथा विक्री केन्द्रको नामः.............................................

ठेगानाः...............................

सञ्चालक समितिको नामः....................................................

| नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क | रसिद नं. | नविकरण गर्नेको सही | कार्यालयको छाँप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणिकरण मितिः २०८१/०४/२४**

**राजपत्रमा प्रकाशन मितिः २०८१/०५/३०**

**आज्ञाले**

**विष्णु प्रसाद पोखरेल**

**प्रमुख प्रशासकीय अधिकृत**